परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३१६ पष्ठ ४ २०८२ भदौ १४ गते, शनिबार 30 August, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# अपाङ्गता भएका बालबालिकालाई घरमै विद्यालय



● टक नेपाल

"हमरा नई लगैछल जे हमर बेटी बाज सकत, मुदा एकर जिनगीमे कायापलट भगेल," (मलाई लाग्दैनथ्यो, हाम्री छोरी बोल्न सक्नेछिन्, तर उनको जिन्दगीमा नसोचेको प्रगति भयो) जलेश्वर नगरपालिका-११ पिगौनाको वनटोलबा बस्तीकी ३५ वर्षीया वविता पण्डित कुम्हालले बौद्धिक अपाङ्गता भएकी छोरी ११ वर्षीया रचनालाई देखाउँदै भन्नुभयो, "आब त हमर बेटी लिखपढसँगें कतेको चित्रसभ बनबैत अछि" (अब त हाम्री छोरी लेखपढ गर्नसँगै कैयौं चित्र बनाउने भएकी छन्) ।

रचनामात्र होइन, जलेश्वर-८ का शारीरिक अपाङ्गता भएका सात वर्षीय प्रेम बैठा धोबी, जलेश्वर-४ सुगाका चार वर्षीया विवेक महतो, जलेश्वर-७ अन्कारका सात वर्षीय नजाबुल राइन, जलेश्वर-३ मलिवाराका छ वर्षीय साकिव अन्सारी र जलेश्वर-७ महादेवपट्टी बस्तीका १० वर्षीय वीरेन्द्र मण्डल पनि शारीरिक रूपमा अपाङ्गता भएर पनि अब लेखपढ गर्न जान्न थालेका छन् । कुनै जन्मले नै र कतिपय जीवनका विभिन्न घटनामा परी अपाङ्ग भएर घरमैं कुँजिएका बालबालिकाका लागि अहिले रतौली युवा क्लबले सञ्चालन गरेको 'घरमै विद्यालय' कार्यक्रम वरदान भएको छ ।

क्लबले जिल्लाका जलेश्वर नगरपालिका र पिपरा गाउँपालिकामा सञ्चालन गरेको यो कार्यक्रममा अहिले शारीरिक रूपमा अपाङ्गता भएका बालबालिकालाई घरमै हेरचाह र पठनपाठन अभ्यास गराउँदैछ । धेरैजसो बौद्धिक अपाङ्गता भएका बोल्न नसक्ने बालबालिका अहिले नियमित अभ्यास र शिक्षकको हेरचाहले लेखपढ गर्न, चित्र कोर्न र जुडो खेल्न जान्ने भएका छन् । "हामीले यस्ता बालबालिकाका लागि उनीहरुकै घरमा विद्यालयको भ ु ल क ा

बाकी पष्ठ २......

# जनमत पार्टीले मनाउँदैछ शहीद यादवको आठौं श्रद्धाञ्जली दिवस




● चन्दन रजक

जनमत पार्टीले स्वराज आन्दोलनका प्रथम वीर शहीद राम मनोहर यादवको आठौं श्रद्धाञ्जली दिवस विभिन्न कार्यक्रमसहित मनाउने भएको छ।

पार्टीका केन्द्रीय प्रवक्ता डा. शरद सिंह यादवले शुक्रबार विज्ञप्ति जारी गर्दै आगामी भदौ १५ गते आइतबार साँझ ७ बजेदेखि देशभर एकैसाथ श्रद्धाञ्जली कार्यक्रम आयोजना गर्न सबै जिल्ला र वडा कमिटीलाई निर्देशन दिएका छन्।

श्रद्धाञ्जली कार्यक्रम अन्तर्गत शहीद यादवको तस्वीरमा मैनबत्ती तथा दीप प्रज्वलन गरिने जनाइएको छ। पार्टीले जिल्ला सदरमुकाम, सबै वडास्तरका इकाइ र पार्टी कार्यालयहरूमा कार्यक्रम एकसाथ हुने जनाएको छ।

जनमत पार्टीले यादवको बलिदान मधेशीहरु अधिकार र स्वराज आन्दोलनमा ऐतिहासिक योगदान भएको उल्लेख गर्दै श्रद्धाञ्जली दिवसलाई पार्टीकै सांस्कृतिक तथा राजनीतिक प्रतिबद्धतासँग जोडेर मनाउने तयारी गरेको जनाएको छ।









टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### कानुन निर्माणका चुनौती

प्रतिनिधि सभा राज्य व्यवस्था समितिले निजामती विधेयक पारित गऱ्यो । उक्त विधेयकको प्रतिवेदन समितिले पारित गरेको भन्दा फरक भएको भन्दै उक्त विषयले व्यापक चर्चा पायो । सो विषयमा छानबिन गर्न संसदीय विशेष समिति गठन भई प्रतिवेदन बुझाइसकेको छ । यो विषयले संसदीय अभ्यासमा विशेष मह□व राखेको छ । संसद्मा विधेयकका सम्बन्धमा एउटा विषयमा छलफल गरिन्छ तर पारित अर्कै गरिन्छ । कहिले पारित भएको विषय एउटा हुन्छ तर प्रतिवेदन अर्को बन्छ, कहिले दुवै सभाबाट पारित विधेयक फिर्ता आउँछ । कहिले विधेयक नै फिर्ता लिनुपर्ने हुन्छ । यसबाट कानुन निर्माण प्रक्रियामा समस्या र चुनौती रहेको स्पष्ट हुन्छ ।

कानुन निर्माणका लागि संविधानले निर्धारण गरेको व्यवस्थापन विधि र संसद्का नियमावली एवं विधि निर्माणका सिद्धान्तले पारदर्शिताको अपेक्षा राख्छन् । कानुन निर्माणमा सरोकारवालाको व्यापक सहभागिता अपेक्षा गरिन्छ । जुन वर्गका लागि कानुन निर्माण गरिने हो, सो वर्गका नागरिक, नागरिकका समूह, विज्ञ, विशेषज्ञसँगको छलफल, परामर्श र राय सुझाव लिनुपर्ने हुन्छ । हाम्रो कानुन तर्जुमा प्रक्रियामा गोपनीयताले प्रश्रय पाएको छ । सरोकारवालाले थाहा नपाएकै अवस्थामा विधेयक संसद्मा दर्ता गरिन्छ । बिचौलिया र स्वार्थ समूहको प्रभाव मसौदाको चरणदेखि नै रहेको आरोप लाग्ने गरेको छ । सरकारले ल्याएका कतिपय विधेयक संसद्बाट फिर्ता भएका र ल्याउने भनिएका विधेयकबाट सरकार पछि हटेको अवस्था छ । पछिल्लो समयमा सरकारबाट आएका सबै जसो विधेयकका सम्बन्धमा सरोकारवालाको विरोध रहँदै आएको छ । गुठी सम्बन्धमा व्यस्वथा गर्न बनेको विधेयक, विद्यालय शिक्षासम्बन्धी विधेयक, मिडिया काउन्सिल विधेयक, विद्युत् विधेयक, भूमि विधेयक, सामाजिक सञ्जालसम्बन्धी विधेयकलगायतका विधेयकमा सरकारले चर्को दबाब सामना गरी केही फिर्ता गर्ने र केही विधेयकका सम्बन्धमा सम्झौता गर्नु परेको छ ।

# अपाङ्गता भएका बालबालिकालाइ........................

दिने शैक्षिक सामग्री र शिक्षकको व्यवस्था गरेका छौं," क्लबका कार्यकारी निदेशक वैद्यनाथ चौधरी भन्नुहुन्छ, "नियमित एक वर्षको देखभालले यी बालबालिका विद्यालय जानसक्ने बनाउनु हाम्रो उद्देश्य हो ।" सन् २०२५ जनवरीदेखि सुरु गरिएको यो कार्यक्रम आउने डिसेम्बरमा एक वर्ष पूरा हुनेछ । त्यसपछि आवश्यकतानुसार अवधि थपिने उहाँको भनाइ छ । यो कार्यक्रम सञ्चालन गर्न क्लबलाई अन्तरारष्ट्रिय गैरसरकारी संस्था 'सेभ द चिल्ड्रेन'ले आर्थिक सहयोग जुटाएको चौधरीले बताउनुभयो ।

यो कार्यक्रमअन्तर्गत सहयोगी शिक्षक दिनहुं 'घरमै विद्यालय' का बालबालिकालालाई अभ्यास गराउन पुग्छन् । दिनहुँ चारघण्टा आफ्नो विद्यार्थीसँग बसेर उनकै अनुकूलतामा गराइने लेखन तथा वाचन अभ्यासले यस्ता बालबालिकामा निकै सुधार भएको जलेश्वर-११ पिगौनाको वनटोलवाको 'घरमै विद्यालय'का सहयोगी शिक्षक सजनीकुमारी मण्डल बताउनुहुन्छ ।

"मैले हेचरचाह गरेकी रचना त बोल्दै बोल्दिनथिन्, पछिपछि विस्तारै उनीसँगै खेल्दै बोल्दैजाँदा बल्ल लेखपढ गर्न थालिन्", आफूले हेरचाह गरिरहेकी रचना पण्डितबारे जानकारी दिँदै सजनीले भन्नुभयो, "अब साउँ अक्षर सबै लेख्ने भएकी छन्, चित्र कोर्नेमा यिनको अभिरुचि बढेको छ ।" बोल्दैनबोल्ने छोरी अब घरका परिवारजनलाई नाता लगाएर बोलाउने र शिक्षक पढाएर फर्केपछि पनि कापीकलम लिएर चित्र कोर्ने गरेकी रचनाकी आमा ववितले खुसी हुँदै बताउनुभयो । रचना अहिले लेखपढ र चित्र कोर्नेमात्र नभई व्यक्तिगत आहारव्यवहारमा पनि पोख्त बनेकी देखिन्छ । आफ्ना घर आउने जोसुकै अतिथिलाई नमस्कारको अभिवादनबाट रचना स्वागत गर्नुहुन्छ । रचनामा आएको यो परिवर्तनले पिगौनावासी चकित छन् ।

क्लबले सुरु गरेको यो कार्यक्रमलाई जिल्लाका बुद्धिजीवीले सराहना गरेका छन् । आर्थिक रुपले निकै कमजोर भएका परिवारका बालबालिकाले यो कार्यक्रमबाट शिक्षामात्र नभएर आहारव्यवहार सिक्ने अवसर पनि पाएका राजकीय संस्कृत माध्यमिक विद्यालयका मटिहानीका प्रधानाध्यापक ईश्वरी पौडेलको प्रतिक्रिया छ । "कसैको नजर नपुगेको क्षेत्रमा यो कार्यक्रम थालिएको छ, यसको विस्तारमा अब राज्यका शैक्षिक निकायले पनि सहकार्य बढाउन आवश्यक छ", पौडेलले भन्नुभयो ।

यो कार्यक्रम सरकारी अवधारणालाई नै बल पुर्याउन सुरु गरिएको क्लबका कार्यक्रम प्रबन्धक पूजनारायण साहको भनाइ छ । 'घरमै विद्यालय' नेपाल सरकारकै अवधारणा रहेको बताउँदै साहले आफ्ना कामले यस्ता कार्यक्रम सञ्चालन गर्न राज्यका निकाय र मधेसका अन्य सङ्घसंस्थालाई उदाहरण बनेको बताउनुभयो ।

"यो कार्यक्रम सञ्चालन गर्न ठाउँ नै पिच्छे व्यवस्थापनमा र शिक्षकको पारिश्रमिकमा मुख्य खर्च रहेको छ", साहले भन्नुभयो । अब यो कार्यक्रम स्थानीय तहले बनाउनुपर्ने साहको सुझाव छ । "अहिले त दातृसंस्थाको सहयोग छ, तर यो त केही दिनका लागि हो", साह भन्नुहुन्छ, "यसलाई जीवन्त राख्न स्थानीय तहहरूले आफ्ना कार्यक्रममा समावेश गर्नुपर्छ ।"

कार्यक्रमप्रति स्थानीय तहका जनप्रतिनिधिले पनि सकारात्मक चासो बढाएका छन् । जलेश्वर-११ का वडाध्यक्ष मनोज साहले अब बन्ने बजेट र कार्यक्रममा यो कार्यक्रम समावेश गर्न पहलकदमी लिने प्रतिबद्धता जनाउनुभयो । यसैगरी पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले आफ्नो गाउँपालिका क्षेत्रभरिका यस्ता बालबालिकाको नयाँ लगत बनाएर यिनीह केन्द्रित कार्यक्रम बनाइने बताउनुभएको

# ८४ प्रतिशत जनता स्वच्छ ......................

जनाहरूको पानीलाई शुद्ध र सुरक्षित बनाउनुपर्छ । पानी सुरक्षा योजना लागु गरी कम लागतमा डिसइन्फेक्सन गरेर पानीलाई पिउनयोग्य बनाउन सकिन्छ । यसले तत्कालै जनस्वास्थ्यमा ठुलो सकारात्मक प्रभाव पार्छ ।

दोस्रो, देशभर छरिएर रहेका हजारौँ रुग्ण, अधुरा र बन्द आयोजनालाई मर्मत, सम्भार र सुधार गरेर पुनः सञ्चालनमा ल्याउनुपर्छ । थोरै लगानीमा यी आयोजनाले ठुलो जनसंख्यालाई सेवा दिन सक्छन् ।

तेस्रो, माथिका दुई काम गरिसकेपछि मात्र स्रोत र साधनले भ्याएसम्म नयाँ आयोजनामा लगानी गर्नुपर्छ । सरकारले खानेपानी क्षेत्रको बजेटमा उल्लेख्य वृद्धि गर्नैपर्छ । वार्षिक ७० अर्बको आवश्यकतालाई ध्यानमा राखेर बजेट विनियोजन नगर्ने हो भने समस्या ज्यूँका त्यूँ रहन्छ ।

यो समस्या समाधान गर्न सरकार एक्लैले सक्दैन । यसका लागि संघ, प्रदेश, पालिका, उपभोक्ता र निजी क्षेत्रसमेतको त्रिपक्षीय वा सर्वपक्षीय साझेदारीको अवधारणामा जानुपर्छ । उपभोक्ताले पनि लागतको केही अंश व्यहोर्दा आयोजनाप्रति अपनत्व बढ्छ । आयोजना बनाउनुमात्र ठुलो कुरा होइन, त्यसलाई दिगो रूपमा सञ्चालन गर्न आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था गर्नुपर्छ । मर्मतसम्भारका लागि योग्य जनशक्ति तयार पार्ने र स्थानीय तहको संस्थागत क्षमता बढाउने काममा सरकारले लगानी गर्नुपर्छ ।

खानेपानीमा कर ! बन्द गर !

आयकर ऐन २०५८ को दफा १०(ट) मा जलस्रोत ऐन २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकममा कर छुट हुने व्यवस्था थियो, तर आर्थिक विधेयक २०८१ को दफा ३६ (२) मार्फत कर छुट हुने व्यवस्था हटाई खानेपानी जस्तो मौलिक हकलाई नेपाल सरकारले कर लगाउने निर्णय गरेको छ । खानेपानीमा कर छुटका सम्बन्धमा संघीय संसद, राष्ट्रिय सभाबाट समेत संकल्प प्रस्ताव पारित भएको छ ।

जलस्रोत ऐन २०४९, खानेपानी तथा सरसफाइ ऐन २०७९ र स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर्गत विधिवत दर्ता भएका मुनाफारहित र सामुदायिक सेवा प्रदान गर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह र समितिद्वारा सञ्चालित आधारभूत मानव अधिकार र मौलिक हकको रुपमा रहेको सामुदायिक खानेपानीमा कर छुट र विद्युत् महसुल छुट हुने कानुनी व्यवस्था गर्न खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालले माग गर्दै आएको छ ।

खानेपानी तथा सरसफाइको व्यवस्थापन र सञ्चालन गरिरहेका उपभोक्ता समितिको रकममा सरकारले २५ प्रतिशत कर लगाउने नीति लिएको छ । यस्तै आय कर, भ्याट गरेर यस्तो करको प्रतिशत ५६ प्रतिशत पुग्ने देखिन्छ । उपभोक्ताले खानेपानीको उपभोग गरेबापत उपभोक्ताले उपभोक्ता समितिमा मासिक रूपमा शुल्क बुझाउँछन् । उपभोक्ताबाट संकलन भएको रकमबाट समितिले खानेपानी सरसफाइको व्यवस्थापन गर्दै आएको छ । अत्यावश्यक मर्मत सम्भार र खानेपानीको सञ्चालन एवं व्यवस्थापनमा हुने खर्चसमेत उपभोक्ता समितिले उपभोक्ताबाट संकलन हुने शुल्कबाट गर्नुपर्दछ ।

संविधानले नै मौलिक हकको रुपमा ग्यारेन्टी गरेको खानेपानी र सरसफाइमा नागरिकको सहज पहुँचका लागि उपभोक्ता समितिले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । सरकारको नागरिकप्रतिको जिम्मेवारी र दायित्व उपभोक्ता समितिले सहज बनाएकोमा पुरस्कृत गर्नुपर्नेमा उल्टो कर असुल्ने कार्य निन्दनीय छ । साथै सरकारले खानेपानी आयोजनाहरू निर्माणमा लाग्ने कच्चा पदार्थमा समेत कर छुट दिनुपर्ने महासंघले माग गरिरहेको छ ।

निष्कर्ष

नेपालको खानेपानीको सङ्कट पानीको स्रोतको अभावले होइन । बरु नीतिगत अदूरदर्शिता, राजनीतिक खिचातानी र प्राथमिकताको अभावले सिर्जित नीतिगत तिर्खा हो । जबसम्म सरकारका तीनै तहले खानेपानीलाई सडक वा अन्य भौतिक पूर्वाधारसरह वा त्योभन्दा बढी प्राथमिकता दिँदैनन्, तबसम्म यो समस्या समाधान हुँदैन । नागरिकको आधारभूत अधिकारको रूपमा रहेको स्वच्छ खानेपानी उपलब्ध गराउनु राज्यको पहिलो दायित्व हो । यसका लागि कनिका छर्ने प्रवृत्ति त्यागेर रुग्ण आयोजनालाई जीवन दिँदै, गुणस्तरलाई पहिलो प्राथमिकतामा राखेर र सबै पक्षको साझेदारीमा एकीकृत योजनाका साथ अघि बढ्नुको विकल्प छैन । अन्यथा, जलस्रोतको धनी देशका नागरिकहरू सधैँ एक गाग्री शुद्ध पानीका लागि संघर्ष गर्न बाध्य भइरहनेछन् ।









# ८४ प्रतिशत जनता स्वच्छ खानेपानीबाट वञ्चित

● टक नेपाल

जलस्रोतमा विश्वकै दोस्रो धनी देश भनेर चिनिने नेपालकै नागरिक सधैँ खानेपानीको अभाव र गुणस्तरको समस्यासँग जुधिरहेका छन् । यो विरोधाभासको पछाडि पानीको कमी होइन, बरु नीतिगत कमजोरी, राजनीतिक इच्छाशक्तिको अभाव र व्यवस्थापकीय भद्रगोल मुख्य कारण हुन् ।

कोशी प्रदेशको तथ्याङ्कलाई हेर्दा २०७५ सालअघि १५ प्रतिशत जनतामा मात्रै स्वच्छ खानेपानीको पहुँच थियो, जुन अहिले बढेर ३४.७ प्रतिशत पुगेको छ । यो सुधार देखिए पनि अझै विशाल जनसंख्या स्वच्छ पानीको पहुँचबाहिर छ । समग्र देशको अवस्था झनै भयावह छ ।

नेपालको खानेपानी क्षेत्र नीतिगत द्वन्द्व, बजेटको खिचातानी र जिम्मेवारी पन्छाउने राजनीतिक खेलको चक्रव्यूहमा फसेको छ । सरकारले खानेपानी आयोजना सञ्चालन गर्ने विधि, तौरतरिका र पद्धतिको बारेमा गरिरहेको कामको समीक्षा गर्दा निराशाजनक चित्र देखिन्छ ।

खानेपानी क्षेत्रको समस्या संघीयता कार्यान्वयनसँगै झनै जटिल बन्यो । २०७४ सालपछि जब स्थानीय र प्रदेश तह क्रियाशील भए, तब कानुन बनाउने क्रममा ठुलो समस्या आयो । तल्ला तहका सरकार, विशेषगरी प्रदेश र पालिकाहरूले हामीलाई अधिकार भएन भनेर आवाज उठाए । उनीहरू ठुला र आकर्षक आयोजनाहरूको सञ्चालन, हस्तान्तरण र व्यवस्थापनको जिम्मा आफैँ लिन चाहन्थे । ठुला आयोजना, जुन पहिलेदेखि सञ्चालनमा थिए र जहाँ उपभोक्ताबाट शुल्क उठेर कोष जम्मा भएको थियो, त्यस्ता आयोजनामा मेयर र पालिका अध्यक्षहरूको आँखा लाग्यो । उनीहरूले यो हामी चलाउँछौँ, हामीले पाउनुपर्छ भनेर दाबी गर्न थाले ।



कोशी प्रदेशको तथ्याङ्कलाई हेर्दा २०७५ सालअघि १५ प्रतिशत जनतामा मात्रै स्वच्छ खानेपानीको पहुँच थियो, जुन अहिले बढेर ३४.७ प्रतिशत पुगेको छ । यो सुधार देखिए पनि अझै विशाल जनसंख्या स्वच्छ पानीको पहुँचबाहिर छ ।

यही अधिकारको लडाइँका कारण २०७४ सालदेखि २०७९ सालसम्म करिब ६-७ वर्ष खानेपानीसम्बन्धी कानुन विवादमै रह्यो । यो विवादको मूल जड लागत थियो । खानेपानी आयोजना अत्यन्तै महँगा हुन्छन् । पहाडी र दुर्गम क्षेत्रमा एउटै आयोजना बनाउन पालिकाको सिङ्गो वार्षिक बजेटले पनि नपुग्ने अवस्था छ । यसले दुई वटा विपरीत धार जन्मायो ।

दुर्गम र पहाडी क्षेत्रका सांसद र पालिकाहरूको बुझाइ थियो कि एउटा खानेपानी आयोजना बनाउँदा पालिकाको सबै बजेट सकिन्छ, तर आयोजना राम्रो बन्दैन । त्यसैले यो उच्च लागतको विषय भएकाले यसको जिम्मा संघ सरकारले नै लिनुपर्छ, प्रदेश र पालिकालाई दिएर हुँदैन भन्ने तर्क उनीहरूले गरे ।

सहरी र सक्षम क्षेत्रका टाठाबाठा पालिकाहरू, जहाँ पहिलेदेखि नै सफल आयोजना थिए- उनीहरूले ती आयोजनाको कोष र सञ्चालनमा नियन्त्रण चाहे । उनीहरूले अधिकार हामीलाई चाहिन्छ भनेर लबिङ गरे ।

यही दुई धारको विवादले गर्दा ऐन बनाउने प्रक्रिया पाँच वर्षसम्म लम्बियो । यो विवादले ऐन निर्माणलाई नै बन्धक बनायो । लामो विवादपछि अन्ततः सरकारले एउटा वर्गीकरणको मोडालिटी ल्यायो । सुरुमा १ करोडसम्मका आयोजना पालिकाले, १ करोडदेखि १० करोडसम्मका प्रदेशले र १० करोडभन्दा माथिका आयोजना संघले बनाउने निर्देशिका जारी गरियो, तर दुर्गम क्षेत्रका जनप्रतिनिधिहरूले यसलाई अस्वीकार गरे । किनभने १ करोडको आयोजनाले उनीहरूको आवश्यकता पूरा गर्दैनथ्यो ।

यो समस्या समाधान गर्नुको सट्टा सरकार र कर्मचारीतन्त्रले जिम्मेवारी तल्लो तहमै पन्छाइदिने गरी झनै सजिलो उपाय अपनायो । 'यिनीहरूले निहुँ खोजे, यिनीहरूकै टाउकामा हालिदिउँ न त' भनेर सायद सोचियो होला ! अनि १० करोडसम्मको आयोजना पालिकाले, १० देखि ५० करोडसम्मको प्रदेशले र ५० करोडभन्दा माथिको मात्र संघले हेर्ने भनेर आफ्नो टाउकोबाट सबै जिम्मेवारी पन्छाइदियो ।

अहिले यही नयाँ नियमावली लागु भएको छ । यसले गर्दा संघ सरकार खानेपानीको ठुलो जिम्मेवारीबाट पन्छिएको छ, तर १० करोडको एउटै आयोजना बनाउने आर्थिक र प्राविधिक क्षमता पालिकाहरूसँग छैन । यो नीतिगत निर्णयले समस्या समाधान गर्नुको साटो झन् ठूलो खाडल सिर्जना गरेको छ । कानुनमा एउटा कुरा छ, व्यवहारमा अर्को । अहिले ३ करोडसम्मका आयोजनामा केन्द्रले नै बजेट हालेको देखिन्छ, जुन आफैँमा कानुनी रूपमा विवादास्पद छ ।

खानेपानी क्षेत्रलाई सरकारले कहिल्यै प्राथमिकतामा राखेको छैन । बोलीचालीमा सबैले पहिलो प्राथमिकता भन्छन्, तर व्यवहारमा यो संघीय सरकार, प्रदेश सरकार वा पालिका, कसैको पनि प्राथमिकतामा छैन । खानेपानी तथा सरसफाइ क्षेत्रका लागि वार्षिक करिब ७० अर्ब रुपैयाँ आवश्यक पर्ने एक अध्ययनले देखाएको थियो, तर यो क्षेत्रमा नेपालको बजेट ४२ अर्बबाट घट्दै अहिले २४ अर्बमा झरेको छ । भएको बजेटको पनि ठुलो हिस्सा मेलम्चीजस्ता केन्द्रीकृत आयोजनामा खर्च हुन्छ । यसले गर्दा देशका अन्य भागमा रहेका हजारौँ आयोजनाका लागि अत्यन्तै न्यून बजेट उपलब्ध हुन्छ ।

सडक पहिलो प्राथमिकतामा पर्छ किनभने त्यो देखिन्छ, तर पानीजस्तो आधारभूत कुरा, जुन मानव जीवनसँग प्रत्यक्ष जोडिएको छ, त्यो ओझेलमा परेको छ । सांसदहरूले पनि आफ्नो क्षेत्रमा १०-२० लाखको आयोजना स्वीकृत गराएर भोट माग्ने बहाना बनाउँछन् । त्यो आयोजना सम्पन्न हुन्छ कि हुँदैन भन्नेमा उनीहरूलाई मतलब हुँदैन । कनिका छरे जसरी बजेट छरिन्छ, जसले गर्दा १०-२० वर्षसम्म पनि आयोजना पूरा हुँदैनन् । नीतिगत कमजोरी र बजेट अभावको प्रत्यक्ष असर देशभरका खानेपानी आयोजनामा परेको छ । देशभरका उपभोक्ता संस्थाहरूले सञ्चालन गरिरहेका करिब ४३ हजार आयोजनामध्ये लगभग ५० प्रतिशत समस्याग्रस्त छन् । यीमध्ये कतिपय मर्मतसम्भार र स्रोतको अभावमा रुग्ण बनेका छन् भने कतिपय निर्माणकै क्रममा अधुरो र अलपत्र छन् । लगभग ३५ प्रतिशत आयोजना मर्मतसम्भारको अभावमा बन्द भएका छन् । त्यसबाहेक ८-१० हजार आयोजना लगानी सुरु भएर बिचमै रोकिएका छन् ।

पहिले जिल्लास्तरमा खानेपानी आयोजनाहरूलाई प्राविधिक सहयोग गर्ने डिवासीसी (जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति) जस्ता संरचना थिए । संघीयतासँगै ती संरचना भत्किए, तर नयाँ प्रभावकारी संरचना बन्न सकेनन् । यसले गर्दा स्थानीयस्तरमा प्राविधिक ज्ञान र अनुगमनको ठुलो अभाव छ, जसले आयोजनाहरूलाई झनै रुग्ण बनाइरहेको छ ।

खानेपानीसँगै जोडिएर आउने अर्को महत्त्वपूर्ण विषय सरसफाइ हो । नेपालले कुनै बेला तामझामका साथ खुला दिसामुक्त राष्ट्र घोषणा गर्‍यो, जुन एउटा महत्त्वपूर्ण उपलब्धि थियो । त्यसको निरन्तरता र दिगोपनामा अहिले आएर प्रश्न उठेको छ ।

खुला दिसामुक्त अभियानको समयमा स्वच्छ पानीको पहुँच २४ प्रतिशत पुगेको थियो, तर अभियान सेलाएपछि र अनुगमन गर्ने निकायहरू कमजोर भए । स्वच्छ पानीको पहुँच घटेर अहिले १६ प्रतिशतमा झरेको छ । यसको अर्थ ८४ प्रतिशत जनता अहिले पनि स्वच्छ खानेपानीको पहुँच बाहिर छन् ।

सरसफाइको मुद्दा जनस्वास्थ्य र जनचेतनासँग जोडिएको छ । जबसम्म पानीको मुहान संरक्षण, फोहोर व्यवस्थापन र व्यक्तिगत सरसफाइमा ध्यान दिइँदैन, तबसम्म खानेपानीलाई प्रशोधन गरेरमात्रै शुद्ध बनाउन सकिँदैन । हामीले ढल मिसाएको मिसायै गर्ने, फोहोर फालेको फाल्यै गर्ने हो भने औषधिमात्र हालेर पानी कहिलेसम्म शुद्ध हुन्छ ?

अब के गर्ने ?

यो जटिल समस्याको समाधान असम्भव भने छैन, तर यसका लागि सरकारको दृष्टिकोण र प्राथमिकतामा आमूल परिवर्तन आवश्यक छ । पहिलो, नयाँ आयोजना बनाउनुअघि हाल सञ्चालनमा रहेका आयो

बाकी पष्ठ २......

## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने  अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगाीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकाी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि  साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति  जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग   समन्वय गने ।
- चोक, चातोा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय  क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी  ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितहरूलाइ आवश्यक सहयोग  पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।

मटिहानि नगपालिका , महोत्ती, मधेश प्रदेश






### प्रतिपक्षीको अवरोधले

# मधेस प्रदेश सभा बैठक अनिश्चितकालका लागि स्थगित



● टक नेपाल

मधेस प्रदेश सभा बैठक अनिश्चितकालका लागि स्थगित भएको छ । प्रतिपक्षी दलहरूको अवरोधका कारण शुक्रबारको बैठक स्थगित भएको हो ।

अर्थमन्त्री सुनिल कुमार यादवको राजीनामा माग गर्दै प्रतिपक्षी दलहरूले बैठक अवरुद्ध गरेका हुन् । नेकपा एकीकृत समाजवादीका सांसद कनिश पटेलले बजेट त्रुटिपूर्ण रहेको र बहुमतको निर्णयले पास गरिएको भन्दै अर्थमन्त्रीको राजीनामा मागे ।

त्यसपछि नेपाली काँग्रेसका प्रमुख सचेतक कुमारकान्त झाले प्रतिपक्षीको आरोपलाई प्रतिवाद गर्दै सर्वदलीय बैठकमा नआई सदन अवरुद्ध गर्न नहुने उल्लेख गरे । यो विवादपछि सभामुख रामचन्द्र मण्डलले बैठक अर्को सूचना नआउन्जेलसम्म स्थगित गर्ने निर्णय गरेका थिए ।

प्रतिपक्षी दलहरूले दुई दिनदेखि सभामुखले बोलाएको सर्वदलीय बैठकसमेत बहिष्कार गर्दै आएका छन् । प्रतिपक्षी दलहरू जसपा नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल संघीय समाजवादी पार्टी, राप्रपा तथा नागरिक उन्मुक्ति पार्टीले मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को बजेटमा बिचौलिया हावी भएको र कैयौं त्रुटि रहेको आरोप लगाउँदै सदन चल्न नदिने रणनीति अपनाएका छन् ।

# मोबाइल पसलमा चोरी गर्ने गिरोह पक्राउ

● टक नेपाल




धनुषाको गणेशमान चारनाथ नगरपालिका -६, गोदार चोकस्थित एक मोबाइल पसलमा चोरी गर्ने गिरोहलाई प्रहरीले नियन्त्रणमा लिइ सार्वजनिक गरेको छ ।

मोबाइल पसलमा चोरी गरेको आरोपमा गणेशमान चारनाथ नगरपालिका -७ का २० वर्षीय अर्जुन मुखिया, सोही ठाउँका २० वर्षीय सञ्जिव पासवान र गणेशमान चारनाथ नगरपालिका -५ का २२ वर्षीय कृष्ण मण्डल रहेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक जटाशङ्कर यादवका अनुसार भदौ ६ गते विहान करिब १:४५ बजे धनुषाधाम नगरपालिका -८, केसरकुट्टी निवासी राजकुमार साहले गोदारमा सञ्चालन गर्दैआएको राजकुमार मोबाइल पसलको सटर फोडेर चोरी भएको थियो ।

पसलबाट विभिन्न कम्पनीका ४५ थान मोबाइल सेट, दुई थान ड्रोन क्यामेरा, टेम्पर ग्लास, भित्ते घडी, हाते घडी, र नगर नगद ९८ हजार ७६५ रुपियाँसहित करिब १० लाख रुपियाँ रुपियाँ बराबरको धनमाल चोरी भएको थियो ।

घटनापछि प्रहरीले अनुसन्धान अघि बढाउँदा पसलमा जडान गरिएको सिसिटिभि फुटेजको आधारमा चोरीमा संलग्न तीन जनालाई नियन्त्रणमा लिएको हो । पक्राउ परेकाहरुको साथबाट र लुकाएको स्थानबाट विभिन्न कम्पनीका १२ थान मोबाइल, घडीलगायतका सामान बरामद गरिएको उहाँले जानकारी दिनुभयो ।

प्रहरीले पक्राउ परेका ती तीन जनामाथि चोरी तथा डकैतीसम्बन्धी कसूरमा मुद्दा दर्ता गरी थप अनुसन्धान अगाडि बढाएको जनाएको छ । घटनामा सम्बन्धमा थप अनुसन्धान जारी रहेको प्रहरी निरीक्षक यादवले जानकारी दिनुभयो ।

# सत्ताइस किलो गाँजासहित युवक पक्राउ

● टक नेपाल

सर्लाहीको लालबन्दी नगरपालिका-८, खतिवडा चोकबाट प्रहरीले लागूऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ ।जिल्लाको चुरेवर्ती क्षेत्र लालबन्दी नगरपालिका -१४, नारायणखोला कामिटारका २० वर्षीय सन्ते ब्लोन गाँजासहित पक्राउ परेका हुन् । चुरेभेगबाट गाँजा ल्याइँदै गरिएको सूचना पाएपछि प्रहरी टोली परिचालन भएको थियो ।

त्यस क्रममा नारायणखोलाबाट पत्थरकोट हुँदै लालबन्दीतर्फ आउँदैगरेको बागमती प्रदेश ०२-०४२ प ४०५३ नम्बरको मोटरसाइकल रोकन खोज्दा मोटरसाइकलमा सवार दुई युवक भाग्न खोजेका थिए । मोटरसाइकल र साथमा भएको झोला छाडेर खेतैखेत भागेका युवकमध्ये कामिटारका ब्लोनलाई पक्राउ गर्न सफल भएको र अर्को युवक फरार भएका इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक वीरेन्द्रसिंह जोहारीले जानकारी दिनुभयो ।

प्रहरीलाई देखेपछि युवकहरुले फालेको झोला भित्रबाट पाँचवटा पोकामा रहेका २७ केजी गाँजा बरामद भएको इन्स्पेक्टर जोहारीले बताउनुभयो । ब्लोनलाई हिरासतमा राखी अनुसन्धान भइरहेको छ प्रहरीको भनाइ छ । फरार रहेका मोटरसाइकलमा सवार अर्को व्यक्तिको खोजी जारी रहेको लालबन्दी प्रहरीले जनाएको छ ।

# वीरगन्जमा हैजा : ४४७ जना बिरामी निको भएर घर फर्किए

● टक नेपाल

पर्सा जिल्लामा हैजा सङ्क्रमितहरू निको भएर घर फर्किन सङ्ख्या बढेको छ । जिल्ला जनस्वास्थ्य कार्यालय पर्साले सार्वजनिक गरेको विवरणमा गएको ८ दिनमा झाडा पखाला तथा हैजाबाट सङ्क्रमितहरू निको भएर घर जानेको सङ्ख्या चार सय नाघेको हो ।

जनस्वास्थ्य कार्यालय पर्साका अधिकृत जयमोद ठाकुरका अनुसार अहिलेसम्म ४ सय ४७ जन बिरामी निको भएर घर फर्किएका छन् । झाडा पखाला तथा हैजाको शङ्कास्पद बिरामी भई उपचार गराउनेहरूमध्ये आधाभन्दा बढी बिरामी निको भएर घर फर्किएको जनस्वास्थ्य कार्यालयको तथ्याङ्कले देखाइरहेको छ ।

पर्सा जिल्लामा अहिलेसम्म झाडा पखाला तथा हैजाको शङ्कास्पद बिरामी कुल ६७६ जना देखिएको जनस्वास्थ्य कार्यालयले जनाएको छ । घर फर्किनेहरू मध्ये हैजा पुष्टि भएका ७८ जना घर फर्किएको जनस्वास्थ्यका अधिकृत ठाकुर बताउँछन् । उनका अनुसार अहिले अस्पतालमा भने हैजा पुष्टि भएका ७४ जना बिरामी उपचार गराइरहेका छन् ।

पर्सामा सङ्क्रमण देखिएको आठौं दिनसम्ममा कुल १५२ जनामा हैजा पुष्टि भएको जनस्वास्थ्य कार्यालयको आँकडा छ । वीरगन्जका विभिन्न अस्पतालहरूमा गरी ३२ जना आईसीयु, ७ जना एचडीयु र १८७ जनाको जेनरल वार्डमा उपचार भइरहेको छ ।

जनस्वास्थ्य कार्यालय पर्साका अनुसार नारायणी अस्पतालमा ४९, तराई अस्पतालमा ४६, भवानी अस्पतालमा ४, वीरगन्ज हेल्थ केयरमा ७ जनाको उपचार भइरहेको छ ।

यसैगरी अलि अर्थोमा २, नेशनल मेडिकल कलेजमा २०, मंगलम प्याथोलेजीमा १, एडभान्स अस्पतालमा २, नारायणी जेनरल अस्पतालमा १, पोखरिया अस्पतालमा ९ र अन्य निजी अस्पतालहरूमा एकाएक गरी कुल १५२ जना झाडा पखाला तथा हैजा शङ्कास्पद बिरामीहरू अहिले उपचाररत रहेको जन स्वास्थ्य कार्यालयले पर्साले तथ्याङ्क सार्वजनिक गरेको छ । यही ६ गतेदेखि वीरगन्जमा हैजाका बिरामीहरू फेला परेका थिए ।

नारायणी अस्पतालमा ४९ बिरामीको भर्ना

पछिल्लो समय नारायणी अस्पतालमा उपचारका लागि जाने झाडा पखाला तथा हैजा सङ्क्रमित बिरामीहरूको सङ्ख्या बढेको छ ।













बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014